# चौतारा साँगाचोकगढी नगरपालिकाको आकासे पानी संकलन ट्याङ्की निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रम कार्यविधि, २०७९

## स्वीकृत मिति : २०७९/०९/२५

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिकामा बसोवास गर्ने कृषक तथा दर्ता भई संचालनमा रहेका कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्मद्वारा यस नगरपालिका भित्र व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्न र क्रमश: उत्पादनमा वृद्धि गर्नका लागि सिंचाई एक महत्वपूर्ण संभाग रहेकोले नजिकै रहेका सम्भावित मुल, मुहानको स्रोतबाट तथा आकासे स्रोतबाट पानी संकलन गरी सिंचाईको आवश्यकता पुर्ति गर्ने उद्देश्यका साथ कार्यविधि तयार गरी लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:(१)** यो कार्यविधिको नाम **"चौतारा साँगाचोकगढी नगरपालिकाको आकासे पानी संकलन ट्याङ्की निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रम कार्यविधि, २०७९"** रहेको छ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुने छ।

३. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

(ख) "कृषक" भन्नाले नगर भित्र बसोबास गरी नगर भित्रै कृषि पेशा कार्यमा संलग्न व्यक्तिलाई सम्झनुपर्दछ।

(ग) "समुह" भन्नाले साझा उद्देश्य लिई विधान निर्माण गरी स्थानिय कृषि विकास शाखामा कानुनी रुपले दर्ता भएको संस्था सम्झनु पर्दछ।

(घ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ अनुसार गठन भएको संस्था सम्झनु पर्दछ।

(ङ) "आकासे पानी संकलन ट्यांकी" भन्नाले विभिन्न बाली उत्पादन गर्नका लागि आवश्यकता अनुरुप सिंचाई गर्नका लागी निश्चित स्रोतबाट पानी संकलन गर्ने निश्चित आकारको पोखरी सम्झनु पर्दछ।

(च) "साना लिफ्ट सिचांई" भन्नाले ब्यवसायिक रुपमा उत्पादन गरिने ठाँउ वा क्षेत्र वरपर रहेका पानीको स्रोतहरुबाट पम्प वा जेनेरेटरको प्रयोग गरी पानी संकलन तथा सिंचाई गरिने कार्यलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रम

४. चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भई संचालनमा रहेका कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्मद्धारा यस नगरपालिका भित्र व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्न सम्भावित मुल, मुहानका स्रोतबाट तथा आकासे स्रोतबाट पानी संकलन गरी सिंचाईको आवश्यकता पुर्ति गर्दै उत्पादनमा वृद्धि गरी जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यका साथ यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-३
## कार्यक्रम संचालन

५. यस नगरपालिका भित्र बसोवास गर्ने कृषक तथा दर्ता भई संचालनमा रहेका कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्म मार्फत् यो कार्यक्रम संचालन गरिनेछ ।

६. आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रम गर्न ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुलाई प्राविधिक लागत अनुमान अनुसारको पोखरी निर्माण, जेनेरेटर, विद्युतिय पम्प वितरण कार्यहरुमा सहयोग गरिनेछ ।

७. यस कार्यक्रम संचालन गर्न ईच्छुक कृषकहरुले नगरपालिकाबाट प्राप्त अनुदान रकमको ५० प्रतिशत रकम स्वंम आफैंले साझेदारी गर्नुपर्नेछ ।

८. **प्रस्ताव मागको सूचना प्रकाशित गर्ने :**

**प्रस्ताव माग गर्दा निम्नानुसारका कागजपत्र माग गरिने छ ।**

(क) कृषक समुह, कृषि सहकारीहरुबाट कार्यक्रम मागको निर्णयको प्रतिलिपि

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुको दर्ता प्रमाण पत्र, कर चुक्ता आदिको प्रतिलिपि

(घ) प्राविधिक लागत अनुमान वा स्टीमेट

(ङ) कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुको तर्फबाट कार्यक्रम मागको निवेदन ।

(च) व्यक्तिगत कृषकको हकमा (क) र (ग) बाहेका कागजातहरु पेश गर्नूपर्नेछ ।

९. **कार्यक्रम छनौट :** कार्यक्रम छनौट गर्दा कार्यविधि अनुरुप मापदण्ड पुगेका कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्मलाई मात्र कार्यक्रममा सहभागी गरिनेछ । छनौटको लागि निम्नानुसारको छनौट समिति हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सम्बन्धित विषयगत समिति संयोजक | सदस्य |
| प्रशासन/योजना शाखा प्रमुख | सदस्य |
| सहकारी शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

*(समितिलाई राय, सल्लाह, सुझाव आवश्यक परेमा अन्यलाई आमन्त्रित गर्न सकिनेछ।)*

१०. यसरी छनौट भएका कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुबाट निम्नानुसारका प्रमाणहरु पेश भए पश्चात् मुल्याङ्कन गरिने छ :

(क) कृषक समुह, कृषि सहकारीहरुबाट कार्यक्रम मागको निर्णयको प्रतिलिपि ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ग) कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुको दर्ता प्रमाण पत्र, कर चुक्ता आदिको प्रतिलिपि ।

(घ) प्राविधिक लागत अनुमान वा स्टीमेट ।

(ङ) कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुको तर्फबाट कार्यक्रम मागको निवेदन ।

(च) व्यक्तिगत कृषकको हकमा (क) र (ग) बाहेका कागजातहरु पेश गर्नूपर्नेछ ।

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

११. यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्वारा गरिने छ ।

१२. **कार्यक्रमको व्यवस्थापन :** चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सीमा भित्र रही कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।

१३. कार्यक्रमको अनुगमन, मुल्याङ्कन : कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप प्रमुख | - संयोजक |
| आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| प्रशासन/योजना शाखाका शाखा प्रमुख | - सदस्य |
| सम्बन्धित शाखाको प्रमुख | - सदस्य सचिव |

## परिच्छेद–५
## बजेट व्यवस्था

१४. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भएपछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रही खर्च गरिनेछ ।

१५. यस कार्यविधिको परिधि भित्र रही नगरपालिकाबाट छनौटमा परेको कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्म लाई एक मुष्ट रुपमा स्वीकृत भए अनुसार आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रम संचालनको लागि आवश्यक रकम नियमानुसार भुक्तानी गरिनेछ । उक्त अनुदान रकम असार मसान्त भित्र भुक्तानी लिई सक्नुपर्ने छ ।

१६. खर्चमा बन्देज : आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१७. पारदर्शिता र उत्तरदायित्व : यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिने छ ।

## परिच्छेद–६
## विविध

१८. आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रमको सूचना व्यवस्थापन प्रणालीः यस किसिमबाट कार्यक्रम संचालन भएको सम्पूर्ण अभिलेख व्यवस्थापन अद्यावधिक गरी राखिनेछ ।

१९. कार्यविधि बमोजिम हुने : आकासे पानी संकलन ट्यांकी निर्माण तथा साना लिफ्ट सिचांई कार्यक्रमको रकम यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम खर्च हुनेछ ।

२०. थपघट वा हेरफेर तथा बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्ने छ ।